नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं ।

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्याः-२०८१/८२

च.नं. ६४

मिति २०८१।४।१३

विषय - सदस्य तोकिएको ।

श्री सङ्घीय मन्त्रालय/आयोग/सचिवालय/कार्यालय सवै ।

नेपाल सरकारका सवै मन्त्रालय/आयोग/सचिवालय/कार्यालयहरुमा कार्यरत राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्यांकन गर्न निजामती सेवा नियमावली, २०५० को नियम ७८ (५) वमोजिम गठन हुने पुनरावलोकन समितिमा, सोही नियमावलीको नियम ७८ को उपनियम ५ (ख) मा **सेवा समुह सम्वन्धि मन्त्रालयको सचिव वा निजले तोकेको सम्वन्धित मन्त्रालय/ सचिवालय/ आयोग वा कार्यालयको राजपत्राकित प्रथम श्रेणीको अधिकृत** सदस्य रहने व्यवस्था रहेको छ ।

आर्थिक वर्ष २०८०/०८१ को वार्षिक कार्यसम्पादन मुल्याकन गर्ने प्रयोजनका लागि नेपाल प्रशासन सेवा, नेपाल आर्थिक योजना तथा तथ्यांक सेवा, नेपाल विविध सेवा र नेपाल इन्जिनियरिंग सेवाको सिभिल समुह जनरल उप समुहको हकमा सम्वन्धित मन्त्रालय/आयोग/सचिवालय/कार्यालयको कर्मचारी प्रशासन महाशाखाको सह सचिव (रा.प. प्रथम) लाइ निजामती सेवा नियमावली २०५० को नियम ७८ को उपनियम ५(ख) वमोजिमको सदस्य तोकिएको व्यहोरा नेपाल सरकार (सचिवस्तर) को मिति २०८१।४।१० को निर्णयानुसार अनुरोध छ ।

(हरि प्रसाद दाहाल)
शाखा अधिकृत

**:::: वोधार्थ ::::**

श्री सूचना प्रविधि शाखा

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय - यस मन्त्रालयको वेवसाइटमा अपलोड गरिदिनु हुन ।

इमेल :- internal.mgmt@mofaga.gov.np